आ.व. ०७८।०७९

वैठक:- नगर कार्यपालिका वैठक

अध्यक्षता:- नगर प्रमुख अशोक कुमार शाही

वैठक नं. ०४।०७८।०७९

मिति:-२०७८।०६।२१ गते

स्थान:- ता.न.पा सभाहल

समय:- विहान १२.३० वजे

(विदाको दिन)

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री अशोक कुमार शाही** ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

उपस्थिति

नाम थर	पद	ठेगाना	कार्यपालिका	उपस्थिति
श्री अशोक कुमार शाही	नगर प्रमुख	ता.न.पा. २	अध्यक्ष	
श्री लक्ष्मीदेवी पाठक	नगर उपप्रमुख	ता.न.पा. ९	सदस्य	
श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता)	वडा अध्यक्ष	ता.न.पा. ११	सदस्य	
श्री रामप्रसाद वस्याल	वडा अध्यक्ष	ता.न.पा १	सदस्य	–
श्री वरुणप्रसाद रेग्मी	वडा अध्यक्ष	ता.न.पा २	सदस्य	
श्री महेशलाल शाक्य	वडा अध्यक्ष	ता.न.पा. ३	सदस्य	
श्री राम बहादुर रावल	वडा अध्यक्ष	ता.न.पा ५	सदस्य	
श्री सागरमान महर्जन	वडा अध्यक्ष	ता.न.पा.६	सदस्य	
श्री मुक्तिराम जि.सी.	वडा अध्यक्ष	ता.न.पा ७	सदस्य	–
श्री रामप्रसाद घिमिरे	वडा अध्यक्ष	ता.न.पा.८	सदस्य	
श्री हरिसुमर रेग्मी	वडा अध्यक्ष	ता.न.पा.९	सदस्य	
श्री लोचनप्रसाद तिमिल्सिना	वडा अध्यक्ष	ता.न.पा.१०	सदस्य	
श्री देवेन्द्र बहादुर राना	वडा अध्यक्ष	ता.न.पा.१२	सदस्य	
श्री टुकप्रसाद भट्टराई	वडा अध्यक्ष	ता.न.पा.१३	सदस्य	
श्री कमल राना	वडा अध्यक्ष	ता.न.पा.१४	सदस्य	
श्री शशी श्रेष्ठ	का.पा. सदस्य	ता.न.पा.१	सदस्य	
श्री सुनिता श्रेष्ठ वैजु	का.पा. सदस्य	ता.न.पा.३	सदस्य	
श्री मैयादेवी घिमिरे	का.पा. सदस्य	ता.न.पा.६	सदस्य	

Scanned with CamScanner

श्री बुद्धिसरा वि.क.	का.पा. सदस्य	ता.न.पा.१०	सदस्य	
श्री कमला भण्डारी	का.पा. सदस्य	ता.न.पा.१३	सदस्य	
श्री दिपक विश्वकर्मा	का.पा. सदस्य	ता.न.पा.५	सदस्य	
श्री विमला वौडेल	का.पा. सदस्य	ता.न.पा.८	सदस्य	
श्री भीम बहादुर कुमाल	का.पा. सदस्य	ता.न.पा.७	सदस्य	
श्री पिताम्बर पाण्डे	प्रमुख प्रशासकीय अधिकृत	ता.न.पा	सचिव	

आमन्त्रित

श्री गणेश बहादुर थापा का.वा. वडा अध्यक्ष ता.न.पा ४

श्री मिना परियार का.वा. वडा अध्यक्ष " 6

Scanned with CamScanner

नगर प्रमुख

निर्णय नं. १

गरिवी न्युनिकरणका लागि लघु उद्यम विकास कार्यक्रम मेडपा मार्फत मिनी टिलर र च्यापकटरको रु.६,९८,०००। (सिद्धार्थ सप्लायर्स), मिल्क एनलाईजरको रु. ३,१९,९९९।९९ (इन्द्रलोक सप्लायर्स), सिलाई मेसिनको रु. १,००,००० (न्यू भण्डारी टेलर्स) समेतको जम्मा रु. ११,१७९९९। र सेवा प्रदायक संस्था रेडाको उद्यम विकास परियोजना कार्यक्रमको रु.१०४४८००। सहित जम्मा रु. २१६२७९९ भुक्तानी दिन वाँकी रहेकोले उक्त रकम आ.व.०७७।०७८ को भुक्तानी दिनुपर्ने योजना शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २

तानसेन नगरपालिकाको कार्य सञ्चालनमा प्रभावकारीता ल्याउनको लागि तानसेन नगरपालिकाको विधायन समितिबाट पेश गरिएको निम्न कार्यविधि पारित गर्ने र देहायका अन्य वाँकी कार्यविधि तथा नीति थप अध्ययन तथा छलफलका लागि वडा कार्यालयमा पठाउने र आगामी वैठकमा पेश गर्ने निर्णय गरियो ।

क पारित कार्यविधी

१. तानसेन नगरपालिकाको रिडीघाट सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

ख वडामा पठाउने देहायको अन्य वाँकी कार्यविधि तथा नीति

१. तानसेन नगरपालिकाको भवन निर्माण अनुमति तथा इजाजत सम्बन्धी कार्यविधि,२०७८

२. तानसेन नगरपालिकाकोअल्पकालिन सुरक्षित आवास गृह सञ्चालन कार्यविधि, २०७८

३. तानसेन नगरपालिकाको बाल संरक्षण नीति, २०७८

निर्णय नं. ३

तानसेन नगरपालिकाको स्वास्थ्य, शाखावाट पेश भएको कार्यक्रमहरु मध्य शसर्तका कार्यक्रमहरु अगाडी वढाउने र न.पा. तर्फवाट संचालन गर्नुपर्ने कार्यक्रमहरुको लागि आवस्यकता, औचित्यता र श्रोतको सुनिश्चितताको आधारमा परिमार्जन सहित कार्य प्रकृया अगाडी वढाउन नगर प्रमुखलाई जिम्मा दिने निर्णय गरीयो ।

निर्णय नं. ४

तानसेन नगरपालिकामा विद्युतीय माध्यमबाट सुचना प्रविधिलाई सुव्यवस्थित गरी दीर्घकालिन रूपमा तथ्याङ्क भण्डार, सुचना प्रशोधन, विश्लेषण र कार्यान्वयन गर्ने तथा अनलाइन माध्यमबाट सेवाग्राहीमा विकेन्द्रीकृत सेवा प्रवाह गराउने उद्देश्यले नगरपालिका भित्रको सम्पत्ति तथा भुमिकर, व्यवसाय कर लगायतका कर तथा शुल्कलाई व्यवस्थित गर्न E –PAYMENT को माध्यमवाट करदाताले आफ्नो Taxpayer Portal System मार्फत इन्टरनेटको प्रयोग गरी घरमै बसेर कर तिर्न सक्ने व्यवस्था गरी उक्त प्रणाली संचालनका लागि आ.व. २०७८/०७९ को कोभिड प्रतिकार्य पर्यटन प्रवर्द्धन कार्यक्रम शिर्षकबाट रू. ५ लाख बिनियोजन गरि कार्य प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ५

स्थानीय पाठ्यक्रम निर्माण, दरवन्दी मिलान तथा विद्यालय समायोजन समिति तथा अतिरिक्त क्रियाकलाप वैठकमा खाजा नास्ता र स्टेशनरी तथा जनप्रतिनिधी र कर्मचारी बाहेक विषय विज्ञहरु

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

समेतको वापत गत आ.व.०७७।०७८ को भुक्तानी दिन बाँकी रु.१,३५,१४०। भुक्तानी दिन बाँकी शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ६

तानसेन नगरपालिका वडा नं. ९ दमकडा अम्ल्याहान सडक खण्डमा सडक विस्तार तथा स्तरोन्नती योजनामा ह्युमपाईपको कार्य समावेश नभएकोले उक्त योजनाको लागि ४५ से.मी व्यास भएको ११ थान NP3 ह्युमपाईप आवस्यक परेको हुँदा उक्त ह्युमपाईप खरिद गरिएको विल अनुसारको रु . १,७१,४०९।७० तानसेन नगरपालिकाको मागमा आधारित शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ७

आ.व. ०७८।०७९ को लागि तानसेन नगरपालिकावाट विनियोजन गरिएको कार्यक्रम वजेट अनुरुप कृषि, पशु विकास र शिक्षा शाखावाट पेश भएको कार्यक्रमहरु आवस्यकता, औचित्यता र श्रोतको सुनिश्चितताको आधारमा परिमार्जन सहित कार्य प्रकृया अगाडी वढाउन नगर प्रमुखलाई जिम्मा दिने निर्णय गरीयो ।

निर्णय नं. ८

तानसेन नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७५ तथा सार्वजनिक निजी साझेदारी नियमावली, २०७५ बमोजिम तानसेन नगरपालिका, पाल्पा र एग्रो फरेष्ट्री सर्पोट वैंक तथा इला रिसोर्ट एण्ड रिट्रिड होम रुपन्देही जेभी बीच मिति २०७७।१०।०८ मा सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिम हाईवे रिफ्रेसमेण्ट निर्माण आयोजना कार्यन्यवयन गर्ने सम्बन्धमा समझदारी पत्रमा हस्ताक्षर भएकोमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्न उक्त कम्पनी (जेभी) बाट तयार गरी स्वीकृतिका लागि पेश गरिएको कार्य विवरण (Terms of Reference-TOR) स्वीकृत हुन ता.न.पा. सानिसा समितिबाट सिफारिस भई आएकोमा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

रानीमहल संचालन तथा व्यवस्थापन आयोजना कार्यान्वियनको लागि प्राइम एक्सेस प्रा.लि., ललितपुर र हाईवे रिफ्रेसमेण्ट निर्माण, सञ्चालन तथा व्यवस्थापन आयोजना कार्यान्वयन गर्नको लागि एग्रो फरेष्ट्री सर्पोट वैंक तथा इला रिसोर्ट एण्ड रिट्रिड होम रुपन्देही जेभीबाट मिति २०७७।१०।०८ मा सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिम आयोजनाको कार्य अगाडि बढाउने गरी तानसेन नगरपालिकाबाट समझदारी पत्रमा हस्ताक्षर भएकोमा हाल सम्वन्धित कम्पनीहरुबाट म्याद थपको लागि अनुरोध भई आएकोमा रानीमहल संचालन तथा व्यवस्थापन आयोजनाको म्याद २०७८ मंसिर मसान्तसम्म र हाईवे रिफ्रेसमेण्ट निर्माण, सञ्चालन तथा व्यवस्थापन आयोजनाको म्याद २०७८ पौष मसान्त सम्मको लागि थप गरिदिन सानिसा समितिबाट सिफारिस भई आएकोमा म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

तानसेन नगरपालिकाबाट सार्वजनिक निजी साझदारी मार्फत आयोजनाहरु कार्यान्वियन गर्न अगाडि वढाइएका आयोजनाहरुमा हालसम्म इपीआई नेपालबाट प्राविधिक सहयोग प्राप्त भएकोमा

नगर प्रमुख

Scanned with CamScanner

यसलाई निरन्तरता दिदैं द एशिया फाउण्डेशनको सहयोगमा विरोक एण्ड कम्पनी प्रा.लि.मार्फत निम्नानुसारका परियोजनाहरुमा सहयोग गर्ने गरी समझदारी पत्र (MOU) हस्ताक्षर भएकोमा अनुगमोदनको लागि सानिसा समितिबाट नगर कार्यपालिका बोर्डमा सिफारिस भई आएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

निम्न :

(क) परियोजना १ - हाईवे रिफरेसमेण्ट निर्माण, सञ्चालन तथा व्यवस्थापन योजना

(ख) परियोजना २ - फोहोरमैला व्यवस्थापन

(ग) परियोजना ३ - श्रीनगर सौन्दर्यकरण, सञ्चालन तथा व्यवस्थापन आयोजना

(घ) परियोजना ४ - रानीमहल सञ्चालन तथा व्यवस्थापन

(ङ) परियोजना ५ - थप एक आयोजना पहिचान गरी कार्यान्वन गरिने

निर्णय नं. ११

तानसेन नगरपालिका वडा नं. १२ को वडा कार्यालय भवनमा वडा अध्यक्षको कार्यकक्ष निर्माणका लागि उक्त भवनको छतमा ट्रस निर्माणका लागि स्टमेट वमोजिमको रकम रु. ७२५०००। तानसेन नगरपालिकाको मागमा आधारित शिर्षकवाट विनियोजन गरी निर्माण प्रकृया अगाडी वढाउने निर्णय गरीयो ।

निर्णय नं. १२

तानसेन नगरपालिका वडा नं. ५ स्थित बहुउद्देश्शीय सामुदायिक भवन निर्माणको अन्तिम विल भुक्तानी माग गरेको सन्दर्भमा उक्त भवन निर्माणमा रनिङ्ग वील पश्चात थप कार्य भएको आधिकारीक पुष्टी सहित प्राविधिक शाखावाट पेश गरेको प्रमाण, वडा तथा नगर स्तरीय अनुगमनको सिफारिसका आधारमा मर्मत सम्भार शिर्षकवाट भुक्तानी हुन वाँकी रु २,१५०००। भुक्तानी दिने निर्णय गरीयो ।

निर्णय नं. १३

तानसेन नगरपालिका वडा नं. ६ अमरगंज स्थित वटुक भैरव मन्दिर ममर्तको गत आ.व.मा सम्झौता भएकोमा कोभिड १९का कारण कार्य अधुरो रहेको र यस आ.वमा कार्य सम्पन्न भई भुक्तानी माग भई आएकोले ता.न.पा. को कोभिड प्रतिकार्य पर्यटन प्रवर्द्धन शिर्षकवाट रु. ५ लाख भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १४

तानसेन नगरपालिका वडा नं. १४ अर्गली ख्याहा मोटरवाटो को भुक्तानी दिन वाकीरु ६ लाख गत आ.व. को निर्णय अनुसार यस आ.व. मा भुक्तानी दिने गरी निर्णय भई आएकोले यस आ.व. को मर्मत सम्भार शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १५

तानसेन नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत विद्यालय कर्मचारीहरु, वाल विकास सहजकर्ताहरु र सामुदायिक सिकाई केन्द्रमा कार्यरत परिचालिकाहरुको लागि नेपाल सरकारवाट प्राप्त हुने स्केलमा तानसेन नगरपालिकावाट थप गर्नुपर्ने आर्थिक व्ययभार समेतको अवस्थाको अध्ययन गरी सुझाव पेश गर्न देहायको स्केल पुनरावलोकन समिति गठन गर्ने निर्णय गरीयो ।

श्री अशोक कुमार शाही	नगर प्रमुख	संयोजक
श्री लक्ष्मीदेवी पाठक	नगर उप प्रमुख	सदस्य
श्री दामोदर प्रसाद घिमिरे	प्रवक्ता	सदस्य

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

श्री सागरमान महर्जन	वडा अध्यक्ष ६	सदस्य
श्री रेशमलाल न्यौपाने	अ.नवौं तह	सदस्य सचिव

निर्णय नं. १६

तानसेन नगरपालिका वडा नं. ९ स्थित आरुखर्क क्षेत्रमा वर्षाको पहिरोले ९ वटा परिवारको घर तथा खेतीयोग्य जमीनमा जाने बाटो वन्द भएकोले प्राविधिक प्रतिवेदन पेश गरे पश्चात उक्त बाटोको निर्माण गर्न लाग्ने लागत स्टमेट अनुसार रु. ३,१६,०००। ता.न.पा.को मागमा आधारित शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

तानसेन नगरपालिका अन्तर्गतका उल्लेखित वडाहरुमा अविरल वर्षाको कारणले वडाका सडकहरुमा पहिरो तथा खाल्डा खुल्डी भएकोले दशैं अगावै उक्त सडकहरु मर्मत गर्नुपर्ने भएको हुदाँ प्राविधिकबाट पेश भएका तपशिलको लागत अनुमान अनुसार, डोजरबाट गरिने कामको लागि गत आ. व. को खरिद प्रक्रियामा कायम भएको भ्याट समेत को रू. ४४। मा नबढ्ने गरि उपभोक्ता समितिबाट कार्य आगाडी बढाउने गरि मर्मत सम्भार शिर्षकबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

लागत अनुमान

१.वडा नं १ का सडकहरु रू. १,२७,९४८।२०
२.वडा नं ५ का सडकहरु रू. २,६३,९६३।६९
३.वडा नं ६ का सडकहरु रू. ५९,७९५०।
४.वडा नं ७ का सडकहरु रू. १,६२,३६४।२२
५.वडा नं ८ का सडकहरु रू. २,२८,३३१।६७
६.वडा नं ९ का सडकहरु रू. ३,५५,०२१।५१
७.वडा नं १० का सडकहरु रू. ४,९८,५५०।
८.वडा नं ११ का सडकहरु रू. ४,५८१२३।७३
९.वडा नं १२ का सडकहरु रू. ८८,४३४।५८
१०.वडा नं १३ का सडकहरु रू. ९२,८०१।९७
११.वडा नं १४ का सडकहरु रू. २,६८,७११।७६

निर्णय नं. १८

तानसेन नगरपालिका वडा नं. ८,९ र १० नं. वडामा कारितास नेपाल अन्तर्गत आ.व. ०७७।०७८ मा संचालन भएको आई. पि. एम पाठशाला संचालन भएको र उक्त संस्थावाट कार्यविधी तथा नीति निर्माणको लागि वजेट निकासा भएकोमा सो अन्तर्गतको रु.३०,५००। भुक्तानी बाँकी रहेकोले विल भरपाई पेश भए पश्चात उक्त बाँकी रकम भुत्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १९

नेपालीहरुको महान पर्व विजया दशमी तथा दिपावली, छठ पर्व र नेपाल संम्वतको पावन अवसरमा तानसेन नगरपालिकाका सम्पुर्ण जनप्रतिनिधी, कर्मचारी, विभिन्न संघसंस्था, नीजि क्षेत्र, राजनैतिक

नगर प्रमुख

पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

दलहरु, सरकारी कार्यालय, क्लव तथा लाईन कार्यालय लगायत समस्त नगरवासीहरुमा शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

तानसेन नगरपालिका वडा नं. ५ स्थित शहरी स्वास्थ्य केन्द्र रहेको भवन निर्माणको अधुरो भवन पुरा गर्नको लागि तानसेन नगरपालिका नगर प्रवर्द्धनात्मक कार्यक्रम शिर्षक अन्तर्गत मागमा आधारित भौतिक पुर्वाधार विकास कार्यक्रम शिर्षकवाट रु.३,५०,०००। विनियोजन गर्ने निर्णय गरियो ।

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner